*"जैविक विविधता संरक्षणको आधारः वातावरण मैत्री पूर्वाधार"*

# ३६औं वार्डेन सेमिनार तथा १८औं मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरुको बैठकका संकल्पहरु

१. पूर्वाधार विकास गर्दा संरक्षणलाई प्राथमिकता दिनेगरी मूलप्रवाहीकरण (Mainstreaming) को सुनिश्चितता एवं अनुसन्धानका लागि सम्बन्धित विषय विज्ञहरु रहनेगरी साझा मञ्च गठन गर्न वन तथा वातावरण मन्त्रालय मार्फत् राष्ट्रिय योजना आयोगलाई अनुरोध गर्ने । (रा.नि. तथा व.ज.सं. विभाग)

२. राष्ट्रिय प्राणी उद्यान, भक्तपुर र भानुभक्त प्राणी उद्यान, तनहुँलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार पुनः राजपत्रमा सूचना प्रकाशन गरी संस्थागत विकासका लागि आवश्यक पहल गर्ने । (रा.नि. तथा व.ज.सं. विभाग)

३. गाउँ/ नगरपालिकाहरुले आफ्नो क्षेत्रमा उत्सर्जन भएको फोहोरमैलालाई खोलानाला, नदी, ताल तथा पानीका स्रोतमा सिधै फाल्दा पानीका स्रोतहरु प्रदुषित भई त्यसले जलचर तथा खोलानाला, नदी, तालको पारिस्थिकीय प्रणाली, पिउने पानी र भूमिगत जलस्रोतमा समेत असर पर्ने/ पारेको हुँदा खोलानाला तथा ताल, पोखरीलाई प्रदुषण हुनबाट बचाउन फोहोरमैला व्यवस्थापनका लागि वन तथा वातावरण मन्त्रालय मार्फत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गरी स्वच्छ नेपाल महाअभियानलाई टेवा पुर्‍याउने । (रा.नि. तथा व.ज.सं. विभाग, रा.नि. तथा व.ज.आ. निर्देशनालय, संरक्षित क्षेत्र कार्यालयहरु, मध्यवर्ती/ संरक्षण क्षेत्र समितिहरु)

४. संरक्षित क्षेत्रहरुमा हालसम्म भएका सबै अतिक्रमित क्षेत्रहरुको क्षेत्रफल यकिन गरी अतिक्रमण हटाउन स्थानीय प्रशासन तथा अन्य सरोकारवाला निकायहरुको समन्वयमा सबै संरक्षित क्षेत्र कार्यालयहरुले विशेष कार्यक्रम संचालन गरी चौमासिक रुपमा विभागमा रिपोर्टिङ गर्ने । (रा.नि. तथा व.ज.सं. विभाग, संरक्षित क्षेत्र कार्यालयहरु)

५. संरक्षित क्षेत्रमा जोखिमयुक्त काम र २४–घण्टे ड्युटी हुनाले सबै कर्मचारीहरुको लागि विशेष सुरक्षा विमाको व्यवस्था गर्न पहल गर्ने । साथै, कार्यक्षेत्रमा ड्युटीमा रहेको अवस्थामा कुनै पनि वन्यजन्तुको आक्रमणमा परी वा कामको सिलसिलामा अन्य कारणबाट समेत मृत्यू वा घाईते भएमा वा जंगलमा ड्युटीमा रहँदा कुनै रोगव्याध लागेमा उपचार गर्न वा मृत्यू नै भएमा वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ मा समावेश गरी राहत सुविधा उपलब्ध गराउन पहल गर्ने । (रा.नि. तथा व.ज.सं. विभाग, रा.नि. तथा व.ज.आ. निर्देशनालय)

६. संरक्षण कार्यमा अहोरात्र खटिने सुरक्षा र निजामती कर्मचारीहरुको लागि थप प्रोत्साहन भत्ताको व्यवस्था गर्न पहल गर्ने । (रा.नि. तथा व.ज.सं. विभाग, रा.नि. तथा व.ज.आ. निर्देशनालय)

७. निकुञ्ज/ आरक्षको अभिन्न अंगको रुपमा रहेको मध्यवर्ती क्षेत्रहरु एवं संरक्षण क्षेत्रहरुमा मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनको जिम्मेवारी संरक्षण/ मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रम मार्फत हुँदै आएकोछ । प्रत्येक वर्ष बृद्धि हुँदै गएका यस्ता घटनाहरुको व्यवस्थापनका लागि थप बजेट तथा कार्यक्रम आवश्यक पर्ने भएकोले आगामी दिनमा पर्याप्त बजेटको व्यवस्था गर्न वन तथा वातावरण मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा अनुरोध गर्ने । ( रा.नि. तथा व.ज.सं. विभाग, म.क्षे. सञ्जाल)

८. प्रकृति संरक्षण शिक्षालय कसरा, चितवनमा सञ्चालन हुने तालिम कार्यक्रमहरुमा नेपाली सेनाका साथै वन सेवा अन्तर्गतका कर्मचारी र संरक्षण / मध्यवर्ती क्षेत्रको प्रतिनिधिहरुलाई समेत समावेश गरी संयुक्त तालिमको आयोजना गर्ने । (रा.नि. तथा व.ज.सं. विभाग र रा.नि. तथा व.ज.आ. निर्देशनालय)

९. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र अन्तर्गतका नियमावलीहरु समयानुकूल परिमार्जनका लागि पहल गर्ने । साथै, वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ (संशोधन २०७५ सहित) मा समावेश नभएका तर मानव, कृषि, पशुधन तथा भौतिक सम्पत्ति क्षति गर्ने वन्यजन्तुहरु पनि समावेश गर्न सो निर्देशिका पुनरावलोकन गर्न पहल गर्ने । (रा.नि. तथा व.ज.सं. विभाग, रा.नि. तथा व.ज.आ. निर्देशनालय, म.क्षे. सञ्जाल)

१०. निकुञ्ज तथा आरक्ष क्षेत्रमा वर्तमान समयमा संरक्षणमा आईरहेको जटिल परिस्थिति र कार्य बोझलाई मध्यजनर गर्दै निकुञ्ज तथा आरक्षमा खटिने सुरक्षा फौजको कार्य प्रभावकारिता, वन्यजन्तुको चोरी शिकार तथा तिनका अंगहरुको अवैध व्यापार र वन पैदावारको चोरी निकासी नियन्त्रण जस्ता विषयमा थप अध्ययन गरी सुरक्षा पोष्टहरु र सुरक्षाकर्मीको संख्या पुनरावलोकन गर्न पहल गर्ने । (रा.नि. तथा व.ज.सं. विभाग, रा.नि. तथा व.ज.आ. निर्देशनालय)

११. मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति र मध्यवर्ती क्षेत्र संजाललाई संस्थागत विकास र प्रभावकारी बनाउन आवश्यक कानूनी व्यवस्थाको लागि पहल गर्ने । (रा.नि. तथा व.ज.सं. विभाग, म.क्षे. सञ्जाल)

१२. परिवर्तित सर्न्दभमा निकुञ्ज, आरक्ष र मध्यवर्ती क्षेत्रबाट गरिएका जैविक विविधता संरक्षण, मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन, पर्या-पर्यटन प्रवर्द्धन, दुर्लभ वन्यजन्तुको संरक्षण जस्ता कार्यहरुको बारेमा राजनैतिक नेतृत्व तथा प्रदेश र स्थानीय सरकारका प्रतिनिधि एवं सरोकारवालाहरुबीच संरक्षण संवाद कार्यक्रम आयोजना गर्ने । (रा.नि. तथा व.ज.सं. विभाग, म.क्षे. सञ्जाल)

१३. संरक्षित क्षेत्रभित्र पर्यटकीय सेवा सञ्चालन तथा नियमन सम्बन्धि कार्यविधि स्वीकृतिको लागि पहल गर्ने । ( रा.नि. तथा व.ज.सं. विभाग, म.क्षे. सञ्जाल)

१४. संरक्षित क्षेत्र प्रणालीबाट समग्र वातावरण संरक्षण, पर्यावरणीय सेवा सुविधा, सामाजिक-आर्थिक र साँस्कृतिक सम्पदा संरक्षण तथा प्रवर्द्धनमा पुगेको योगदान र राष्ट्रिय आय तथा स्थानीयस्तरमा सृजना भएका रोजगारीको बारेमा अध्ययन गर्ने । (रा.नि. तथा व.ज.सं. विभाग, रा.नि. तथा व.आ. निर्देशनालय, संरक्षण साझेदार संस्थाहरु)

७२७७१०७३